**माननीय मुख्य मन्त्री ज्यू**
**प्रदेश नं. ३, भ्रमणमुकाम धादिङबेशी**

### विषयः धयानाकर्षण गरिएको सन्दर्भमा

२०७२ सालको विनाशकारी भुकम्पका कारण सृजित समस्यामा पुनरनिर्माणको काममा सरकार लगाएत बिभिन्न सरोकारवाला पक्षको प्रयत्न रहदा रहदै प्रभावकारी परिणाम हाशिल हुन सकिरहेको छैन । भुकम्प प्रभावित समूदायहरु अझै खुल्ला आकास मुनी वस्न विवश छन् भने उनीहरुका आधारभूत आवश्यकता परिपूर्तिका लागी उपयूक्त समाधानको खोजि हुन सकेको छैन ।

यस सर्न्दभमा पिडित तथा सिमान्तकृत समुदायको आधारभूत आवश्यकताहरु लाई संबोधन गर्न सरकारका नीति कार्यक्रम, पहल र प्रयासहरु लाई प्रभावकारी वनाउन तथा समूदायका आवश्यकता र अधिकारलाई सूनिश्चत गर्नका लागि  सेवा प्रदायक र सेवा ग्राहीहरु बीचमा यो अन्तरक्रिया तथा कार्यशाला सञ्चालन गरिएको हो ।

यस कार्यशालावाट भुकम्प पश्चातको अवस्थालाई व्यापक बिश्लेषण तथा छलफलगरी समाधानका लागी सम्भावित उपाय खोज्ने र सरकार तथा सम्बन्धित निकायको ध्यानाकार्षण गर्ने उद्देश्यले एफएओले निर्धारण गरेको राष्ट्रिय खाद्यसुरक्षाको सर्न्दभमा जल जंमिन र जंगलको उत्तरदायि शासन व्यवस्थाका लागि वनेको स्वच्छिक निर्देशिका बिषयमा भूकपम्प अति प्रभवित ५ जिल्लाका स्थानिय तहका जननिर्वाचित प्रतिनिधि, समूदायका प्रतिनिधि, पुर्नरनिर्माण प्राधिकरणका प्रतिनधि साथै नागरीक समाज र  गैर-सरकारी एवं सरकारी सस्थाका प्रतिनिधिहरु बिच आयोजना गरिएको २ दिने कार्यशाला आयोजना  गरिएको हो । सहभागीहरु बिचमा गरिएको गहन सामुहिक छलफलवाट आएका निश्कर्षलाई कार्यन्वयन गर्न मुख्य मन्त्री, निर्वाचित बिद्यायक लगायत सम्बन्धित जिम्मेवार निकायमा ध्यानाकर्षणकालागि अनुरोध गर्न चाहान्छौं ।

### भुकुम्प पश्चात पुनर्निर्माणको सन्दर्भमा आएका समस्या, चुनौती तथा समाधानका समभावित उपायहरु

| भूमीसंग सम्बन्धित | |
|---|---|
| **समस्या र चुनौती :** | **समधानका उपायहरु :** |
| • विस्थापित परिवारलाई बसोवास योग्य, सुरक्षित र जोखिमयुक्त जग्गा पाउन कठिन ।<br>• सार्वजनिक जमिनमा बसेका सुकुम्वासी परिवारहरुले उक्त स्थान छोडि् अन्यत्र जान नचहाने<br>• गुठीको जग्गामा पुर्नवास गराउँदा किनवेच प्रकृयामा अप्ठ्यारो ।<br>• विस्थापित र लाभग्राही सूचीमा नाम समावेश भएपनि भुकम्प पछाडी खरिद गरिएको जग्गामा अनुदान नपाउने ।<br>• सडक सञ्चालन तथा विभिन्न आयोजनाको नाममा जग्गा कारोवार रोक्का गरिएको र सीमा भित्र परेको क्षेत्रमा घर बनाउन पुर्नवासको योजना नहुंदा भुकम्प पीडितहरुको बसोवासको समस्या जटिल बनेको । | • विस्थापित परिवारलाई जग्गा खरिद गर्ने प्रक्रियाको जिम्मेवारी गाउँपालिकालाई दिनुपर्ने ।<br>• भुकम्पका कारण विस्थापित अवस्थामा रहेका विस्थापित र सुकुम्वासी परिवारलाई जग्गा खरिद गर्न दिईने २ लाख रुपियाँ अनुदान सहजै दिनुपर्ने ।<br>• सडक तथा विभिन्न आयोजनामा भित्र परेका र रोकिएका व्यक्तिहरुलाई घर बनाउने प्रक्रियामा समस्या समाधान गर्न नेपाल सरकारले पुर्नवासको विशेष योजना सञ्चालन गर्नुपर्ने ।<br>• गुठी जग्गा विक्री वितरणमा फुकुवा गर्नुपर्ने र हाल जोत भोग गरिरहेको परिवारको नाममा नापी गर्नुपर्ने ।<br>• भुमीको प्रयोग गर्दा प्रभावितहरुको |

| | |
|---|---|
| | सहभागीतामा निति निर्माण तयार गरी उनिहरुले अपनत्व लिने गरी कार्यन्वयन गर्ने । |
| **वनसंग सम्बन्धितः** | |
| ● परम्परा देखी वन क्षेत्रमा वसोवास गरेका सुकुम्वासी परिवाहरु लाभग्राहीमा सूचिकृत हुन नसकेको ।<br>● निजी वनसमेतको सालको काठ कटानी, ढुवानी गरी घर बनाउन नपाउने ।<br>● सामुदायिक वनको काठ वन समितीका ग्रैह सदस्यले नपाउने ।<br>● खेतीपाति र बस्तीमा वन्यजन्तु बाट असुरक्षा ।<br>● वनजन्य उपभोग्य वस्तु संकलन, उपभोग परिचालनमा वाधा ।<br>● वन क्षेत्रमा पर्ने निर्माण कच्चा पदार्थ जस्तैः वालुवा, ढुङ्गा, गिट्टी, माटो आदिको प्रयोगमा बन्देज ।<br>● वन क्षेत्र भित्रको खुल्ला र खाली  जग्गा बस्ती बसोवासकालागि उपयुक्त भएपनि उक्त क्षेत्रमा वस्ती पुर्नवासमा अवरोध । | ● परम्परा देखि बसोबास गरेको वन क्षेत्रका सुकुमवासी परिवारलाई घडेरी र लाभग्राही सूचीमा समावेश गर्ने व्यवस्था मिलाउनु पर्ने ।<br>● निजी जग्गाको काठ कटानी, ढुवानी र घर निमार्णमा प्रयोग गर्ने व्यवस्था मिलाउने ।<br>● प्रभावित परिवारलाई सहजै न्युनतम शुल्कमा काठ उपलब्ध गराउने व्यवस्था ।<br>● बन्यजन्तुबाट सुरक्षा उपायहरुको अवलम्वनमा सहयोग गर्नुपर्ने ।<br>● प्रभावित स्थानीय समुदायलाई गैह्र काष्ठ बनपैदावार वस्तुहरुको संकलन, प्रशोधन र उपभोग गर्न पाउने व्यवस्था सुनिश्चित गर्ने ।<br>● घर निर्माण प्रयोजनमा वन क्षेत्र भित्रका कच्चा स्रोतहरु वालुवा ढुङ्गा आदि प्रयोग गर्ने सहज व्यवस्था मिलाउने ।<br>● प्रविधिक दृष्टिकोणबाट उपयुक्त स्थानमा वस्ती स्थानान्तरणको व्यवस्था सहज बनाउने । |
| **जीविकोपार्जन सम्बन्धितः** | |
| ● भुकम्पको असरले शारिरीक, मानसिक अवस्थामा विचलन आई आर्जन क्षमता प्रभावित<br>● भौतिक संरचना  सहित जनधनको क्षति<br>● परम्परागत पेशा तथा व्यवशाय विस्थापन तर्फ<br>● नयाँ कार्यको थालनी गर्न लगानीमा अन्यौल<br>● आवास निर्माणमा लगानीको कारण जिवीकोजार्जन प्रभावित<br>● कृषि तथा पशुजन्य उत्पादनमा ह्रास<br>● प्राकतिक श्रोत क्ष्ययीकरण ( पानीका मुहान सुक्दै गएको, बाढि पहिरो, नदी कटान आदि) | ● मनोसामाजिक सुरक्षाअनुभूतिको व्यवस्था गर्ने<br>● भुकम्प पीडीत वालवालिकाहरुलाई निशुल्क उच्च तथा प्राविधिक शिक्षाको व्यवस्था गर्ने ।<br>● सरकारी तबरबाट स्वदेशी तथा सुरक्षित वैदेशिक रोजगारीको अवसर सृजना गर्ने ।<br>● विभिन्न सीप तथा आयमुलक तालिम जस्तै : डकर्मी, सिकर्मी, सिलाई, कटाई, बुनाई, हाउस वाईरिङ, वेल्डिङ, मेसिनरी उपकरण मर्मते व्यवस्था गर्ने ।<br>● बीउ मलको अनुदान, पशुपन्छि पालन, खोर, गोठ सुधार र बजार व्यवस्थापनका लागि विशेष प्याकेज सहितको कार्यक्रम विकास गरी संचालन गर्ने ।<br>● स्थानिय माटो सुहाउदो वालीहरुको विस्तार गरी किसानको सहागतिामा निति निर्माण र कार्यन्वयन गर्ने ।<br>● गोठमा अनुदान ओठमा मुस्कान ल्याउन किसानलाई प्रत्यक्ष फाईदा दिने गरी कृषि विकास आयोजना लागु गर्ने<br>● स्थानीय तहमा स्थानीय स्रोत, साधन र उत्पादनमा आधारित साना किसान मैत्रि विकास नीति निर्माणमा जोड दिने ।<br>● बैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सलाई स्थानीय उद्यमशिलतामा लगानी गर्न प्रोत्साहनमूलक कार्यक्रम विकास गर्ने |

| | |
|---|---|
| | • बैदेशिक रोजगारका क्रममा सिकेका सीप, दक्षता र प्रविधीको परिचालनकोलागि उपयुक्त वातावरण सृजना गर्ने । |
| **आवाससंग समबन्धित :** | |
| • घर बनाउने जग्गा नभएका, सुकुमवासी र बस्नयोग्य जमीन नहुने लाभग्राहीले अनुदान पाउन समस्या<br>• सरकारले निर्धारण गरेको कार्यविधी विपरित घर निमार्ण भएका कारण DLPIU / DUDBC बाट खटिएका प्राविधीक र लाभग्रही विच समन्वयमा कमी<br>• भुकम्पपछि स्वयं लाभग्राहीले आफ्नै लगानीमा घर निर्माण गरेको र कार्यविधी आए पश्चात त्यस्ता भवन कार्यविधीमा नपरेको ।<br>• लाभग्राहीले किस्ता पाउने प्रक्रिया झन्झटिलो लामो तथा अब्यवहारिक<br>• लाभग्राहिले पहिलो किस्ता लिएर पनि घर निर्माण नगर्नु ।<br>• भवन निर्माणमा दक्ष कामदारको अभाव ।<br>• निर्माण सामाग्रीको अप्रयाप्तता, गुणस्तरको अभाव र तुलनात्मकरुपमा महंगो ।<br>• अनियन्त्रित बजारमूल्यका कारण कालोबजारीले प्रश्रय पाएको<br>• वित्तिय संस्थाहरुले प्रवाहगर्ने सेवा जटिल, प्रभावितहरुको असहज पहुंच | • सुकुम्वासी परिवाहरु लाई जग्गा खरिद गर्न २ लाख दिने प्रावधानलाई सहज र प्रभावकारी बनाउनु पर्ने ।<br>• भुकम्प पश्चात मापदण्ड नवान्दै निर्माण भएका घर मापदण्ड विपरीत भएको हो भने घर प्रबलिकरण गर्ने वा नयाँ निर्माण गर्न प्रेरित गर्ने<br>• डकर्मी तालिम नियमित गराउने र दक्ष कामदारको परिचालन योजना बनाई कार्यान्वयनमा लैजाने ।<br>• किस्ता रकम सहज र छिटो छरितो उपलब्ध गराउने ।<br>• दक्ष प्राविधीकले घरदैलो परामर्श सहायता दिने र जनप्रतिनिधीहरुले सचेतना गराउने ।<br>• प्रभावित क्षेत्रमा निर्माण सामाग्रीको सहज वजार व्यवस्थापन गर्ने वातावरण वनाउने<br>• कालोवजार नियन्त्रण र निगमन गर्ने<br>• वितिय क्षेत्रको लगानी विपन्न र सीमान्तकृतको पक्षमा सुनिश्चति गर्ने<br>• परम्परागत रुपमा भएको र संस्कृति सुहाउदो घर लाई भुकम्प प्रतिरोधी वनाउन प्रभावितहरुलाई प्रेरितगर्ने |

**११ फाल्गुण, २०७४**